विधेयक संख्याः

# सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८३

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

## उद्देश्य र कारण

सुरक्षित सडकको लागि सडक पूर्वाधार निर्माणको सुरक्षा मापदण्ड विकास गरी कार्यान्वयन गराउन, सडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिलाई कम गर्न, सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण र सम्बन्धित निकायहरू बीचमा समन्वय कायम गरी सडक सुरक्षा व्यवस्थापन तथा प्रवर्धनको लागि राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न आवश्यक देखिएकोले यो विधेयक पेश गरेको छु।

सुनिल लम्साल
मन्त्री
पूर्वाधार विकास मन्त्रालय

असोज, २०८३

## सैद्धान्तिक अवधारणा

सुरक्षित सडकको लागि सडक पूर्वाधार निर्माणको सुरक्षा मापदण्ड विकास गरी कार्यान्वयन गराउन, सडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिलाई कम गर्न, सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण र सम्बन्धित निकायहरू बीचमा समन्वय कायम गरी सडक सुरक्षा व्यवस्थापन तथा प्रवर्धनको लागि राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार गरिएको छ।

प्रस्तुत विधेयकमा परिषद्को स्थापना, परिषद् स्वशासित र सङ्गठित संस्था हुने, परिषद्को गठन, परिषद्को सदस्यमा मनोनयन हुन अयोग्यता, परिषद् सदस्यको पद रिक्त हुने, परिषद्को बैठक र निर्णय, स्वार्थ बाझिएमा निर्णय प्रकृयामा सहभागी हुन नपाउने, परिषद्को काम, कर्तव्य र अधिकार, परिषद्लाई जानकारी दिनुपर्ने, यथाशिघ्र मर्मत सम्भार गर्नुपर्ने, आवागमन सुचारु राखु पर्ने, यातायात सेवामा रोक लगाउन सिफारिस गर्न सक्ने, सडक सीमाभित्रका अन्य पूर्वाधार व्यवस्थापन, सडक सुरक्षा परीक्षक, समिति वा उपसमिति गठन गर्न सक्ने, प्रदेश सडक सुरक्षा समन्वय समिति, स्थानीय सडक सुरक्षा समन्वय समिति, सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडकको विकास तथा निर्माण सम्बन्धी व्यवस्था, नेपाल सरकारलाई सिफारिस गर्न सक्ने, पञ्जीकरण गरी इजाजत प्रदान गर्नु पर्ने, सुरक्षित गति र नियमन, दुर्घटना वा जोखिम हुने कार्य गर्न नहुने, परिषद्ले निर्देशन दिन सक्ने, सचेतना अभिवृद्धि कार्यक्रम, सडक सुरक्षा आचार संहिता, सडक दुर्घटनाको जानकारी दिनुपर्ने, उद्धार कार्यको निगरानी र नेतृत्व, उपचार गर्ने कर्तव्य हुने, बीमा सम्बन्धी मापदण्डको लागि सुझाब दिन सक्ने, सडक दुर्घटनाको हानि-नोक्सानी तथा क्षतिपूर्ति, पीडितको पुन:स्थापना, सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणाली, दुर्घटना अध्ययन समिति, सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान कार्यकारी निर्देशकको नियुक्ति, कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार, सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था, परिषद्को कोष, कोषको रकमको प्रयोग, लेखा र लेखापरीक्षण, विद्युतीय अभिलेख प्रणालीमा पहुँच दिनु पर्ने, अधिकार प्रत्यायोजन गर्न सक्ने, वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने, नेपाल सरकारले निर्देशन दिन सक्ने, नेपाल सरकारसँग सम्पर्क, नियम बनाउन सक्ने, विनियमावली बनाउन सक्ने निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने, खारेजी र बचाउ जस्ता विषयहरु राखी नयाँ विधेयक बनाउन आवश्यक परेको हो। प्रस्तुत विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/६/१३ को निर्णयानुसार सङ्घीय संसदमा पेस गर्न स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

प्रस्तुत विधेयक पारित भए पश्चात् सडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिलाई कम गर्न, सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण र सम्बन्धित निकायहरू बीचमा समन्वय कायम गरी सडक सुरक्षा व्यवस्थापन तथा प्रवर्धन गर्न सहजता हुने देखिन्छ।

## सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा सम्बन्धी अवधारणापत्र

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

(क) संवैधानिक कारणः नेपालको संविधानमा उल्लेख गरिएका नागरिकको हक र कर्तव्यको प्रत्याभूति दिने प्रयोजनका लागि दिगो, सुरक्षित, जोखिम रहित र भरपर्दो यातायात व्यवस्था सञ्चालन र सुरक्षा प्रणालीको बारेमा जनचेतना जगाउने कार्य गर्ने हेतुले सडकमा हुन सक्ने सम्भावित दुर्घटनाहरु रोक्ने, यात्रुहरु, यातायातकर्मीहरु, पैदल यात्रीहरु तथा घरपालुवा तथा वन्यजन्तुहरुको सुरक्षा सुनिश्चित गर्न तथा मानव जीवनको क्षति र घाइतेहरुको संख्यामा शुन्य लक्ष्यमा पुग्ने सर्वोपरी उद्देश्य हाँसिल गर्नको लागि विभिन्न निकाय, संगठन, सुरक्षा संगठन, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संगठन तथा निकायहरु अर्धन्यायिक र न्यायिक निकायहरुसँग समन्वय गरी कार्य सञ्चालन गर्नुपर्ने भएकोले एक छुट्टै सडक यातायात सुरक्षा परिषद्को गठनको पनि व्यवस्था भएको छुट्टै निदिष्ट सडक सुरक्षा ऐनको आवश्यकता भएको।

(ख) अन्तर्राष्ट्रिय दायित्वः नेपालले पनि विभिन्न समयहरुमा भएको UN Convention हरुमा भाग लिनुको साथै सडक यातायातलाई सुरक्षित गरी दुर्घटना तथा Injury घटाउने प्रतिबद्धता जनाएको छ।

(ग) सर्वोच्च अदालतको फैसलाः

(घ) सरकारी नीति तथा कार्यक्रमः सोह्रौ योजनाको परिच्छेद-६ को बुँदा नं. ६.३ को (७) मा सडक सुरक्षालाई प्राथमिकता दिइएको छ। सडक सुरक्षासँग सम्बन्धित निकायबिच समन्वय कायम गरी सडक दुर्घटनाको रोकथाम तथा न्यूनिकरण गर्न, सडक सुरक्षाको प्रबर्द्धन तथा व्यवस्थापन गरी सडक सुरक्षा सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन हाल प्रचलित कानून अप्रयाप्त रहेको हुँदा नयाँ ऐन बनाउनु पर्ने आवश्यकता रहेको। साथै नेपालको सडक सुरक्षाको सन्दर्भमा रहेको Nepal Road Safety Action Plan (2021-2030) अन्तर्गत UN Decade on Action को Country Road Safety Policy ले पाँच वटा तत्वहरु Road Safety management, Safer Road and Mobility, Safer Vehicles, Safer Road Users and Post-Crash Response लाई सडक सुरक्षाको महत्वपूर्ण आधारको रुपमा उल्लेख गरेको छ।

(ङ) अन्य कुनै कारणः सडक यातायातको सुरक्षाको कार्यलाई विशिष्टिकृत तरिकाबाट सम्बोधन गरिनु आवश्यक देखिन्छ। देहाय बमोजिमका कारणहरुले गर्दा सडक यातायातको सुरक्षाको लागि छुट्टै निदिष्ट सडक सुरक्षा ऐनको आवश्यकता रहने देखिन्छः-

(१) सडक यातायातको सुरक्षाको कार्य विश्व परिवेशमा अत्यन्तै महत्वपूर्ण स्थान ओगटेको र यो छुट्टै विधाको रुपमा स्थापित भइसकेको छ।

(२) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रचलन अनुरुप पनि सडक यातायातको सुरक्षाको लागि छुट्टै निदिष्ट सडक सुरक्षा ऐनको व्यवस्था भएको हुँदा अन्तर्राष्ट्रिय निकायहरुबाट सहयोग

र साथको लागि पनि अन्तर्राष्ट्रिय प्रचलन अनुरुप एकरुपता कायम गर्नु जरुरी भएकाले पनि छुट्टै निदिष्ट सडक सुरक्षा ऐनको व्यवस्था हुन आवश्यक छ।

(३) नेपालले संयुक्त राष्ट्र संघले तय गरेको दिगो विकासका लक्ष्यहरुमा प्रतिवद्धता जनाएको र सन् २०२० मा स्वेडेनको स्टकहोम सहरमा भएको तृतीय विश्वव्यापी मन्त्रिस्तरीय सडक यातायात सुरक्षा सम्बन्धी सम्मेलनमा सहभागी भई स्टकहोम घोषणालाई लागु गर्ने प्रतिवद्धता जनाएको छ।

(४) सुरक्षाको कार्य धेरैवटा निकायको संलग्नतालाई समन्वय गरी एकिकृत नतिजा प्राप्त गर्ने जटिल प्रकृतिको कार्य भएको हुँदा यस्ता प्रकृतिका कार्यहरु सम्पादन गर्नको लागि तय गरिने ऐन अन्य प्रकृतिका कार्यहरुसँग मिसाएर जारी गर्दा समन्वय र कार्य सम्पादनमा स्पष्टता नहुने।

(५) सडक यातायातको सुरक्षाको कार्य सम्पादनमा सडक विभाग बाहेकका अन्य निकायहरुसँग सम्बन्धित भएकाले गर्दा सबैलाई समेट्ने गरी राष्ट्रिय सडक सुरक्षा परिषद्को व्यवस्था सहितको छुट्टै निदिष्ट ऐनको व्यवस्था भएमा समन्वय र कार्य सम्पादनमा स्पष्टता हुने निर्विवाद छ।

(६) छुट्टै निदिष्ट ऐनको व्यवस्था भएमा सडक यातायातको सुरक्षाको कार्यका लागि ऐन अनुरुपको नियमावली, निर्देशिका तथा मापदण्ड तयार गरी लागू गर्न र कार्यान्वयन गर्नको लागि सहज हुने देखिन्छ।

**२. <u>नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरुः</u>**

दुर्घटनाको कारण मृत्यु हुनेको संख्या घटाउने, आर्थिक घाटा घटाउने, सडक यात्रुहरुलाई जागरुक बनाउने, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना हुने, सडक सुरक्षाका सबै सरोकारवाला निकायहरुबीच समन्वय बढाउने, सडक सुरक्षा सम्बन्धी निकायको व्यवस्था उपयुक्त व्यवस्थापन हुने।

**३. <u>प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः</u>**

- सार्वजनिक सडक ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- सडक बोर्ड ऐन, २०५८
- प्रहरी ऐन, २०१२

**४. <u>मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः</u>** हाल सडक सुरक्षा सम्बन्धी छुट्टै कानूनी व्यवस्था नभएको।

**५. <u>प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः</u>**

(क) तार्किक पद्धति (Rational Method)

(ख) बढोत्तरी पद्धति (Incremental Method)

(ग) मिश्रित पद्धति (Mixed Method)

६. **<u>नीति निर्माणमा संलग्न पदाधिकारीः</u>** सहसचिव/सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।

७. **<u>प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः</u>** भुटानः सडक सुरक्षा तथा यातायात ऐन,१९९९, पाकिस्तानः राष्ट्रिय राजमार्ग सुरक्षा अध्यादेश, २०००,।

८. **<u>प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः</u>** सङ्घीय संसद, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको प.सं. २०८०/८१ च.नं. १५२ मिति २०८०/१०/११ को पत्रानुसार बढ्दो सडक दुर्घटना न्युनिकरण गर्न सडक सुरक्षा सम्बन्धी छुट्टै विधेयक यथासिघ्र सङ्घीय संसदमा पेश गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने भनी पत्र प्राप्त भएको।

९. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार</u>ः** आर्थिक व्ययभार पर्ने।

१०. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः</u>** पर्ने

११. **<u>प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएकोः</u>**

१२. **<u>प्रस्तवित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयहरुः</u>**

**क. सडक सुरक्षा सम्बन्धी संस्थागत व्यवस्था**

(विधेयकको उद्देश्य पूर्ति गर्न सडक सुरक्षा सम्बन्धी संस्थागत व्यवस्था यसै विधेयकमा कायम गर्नु पर्ने।)

**ख. प्रदेश र स्थानीय सडक सुरक्षा समन्वय समिति**

(अन्य ऐनमा सडक सुरक्षा सम्बन्धी प्रदेश र स्थानीय सडक सुरक्षा समन्वय समिति नभएकोले यसै विधेयकमा कायम गर्नु पर्ने)

**ग. परिषद्को सचिवालय तथा कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था**

**घ. सुरक्षित सडक पूर्वाधार सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप यस विधेयकमा तोकेको मापदण्डका आधारमा सुरक्षित सडक पूर्वाधार सम्बन्धी विषयमा परिषदले अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने)

**ङ. सुरक्षित सवारी साधन तथा यातायात सेवा सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप यस विधेयकमा कायम गर्नु पर्ने र तोकेको मापदण्डका आधारमा सुरक्षित सवारी साधन तथा

यातायात सेवा सम्बन्धी व्यवस्था विषयमा परिषद्ले अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने)

**च. गति नियमन सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता र सडक यातायात सम्बन्धी निकायको परामर्शमा सडकको अवस्था, सवारीको वर्ग र स्तर समेतको आधारमा सवारीको गति निर्धारण गर्ने कार्य सवारी तथा यातायात ऐनले गर्ने र तोकेको मापदण्डका आधारमा सवारी गति नियमनको विषयमा परिषदले अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने)

**छ. सडक प्रयोगकर्ताको नियमन तथा जनचेतना सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप यस विधेयकमा कायम गर्नु पर्ने तथा तोकेको मापदण्डका आधारमा सडक प्रयोगकर्ताको नियमन तथा जनचेतना सम्बन्धी व्यवस्थाका विषयमा परिषद्ले अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने)

**ज. सडक दुर्घटनामा पीडितको उद्धार तथा उपचार सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप सडक प्रयोगकर्ताको नियमन तथा जनचेतना सम्बन्धी बिस्तृत व्यवस्था यस विधेयकमा कायम गर्नु पर्ने तथा सडक दुर्घटनाको अध्ययन अनुसन्धानका आधारमा पीडितको उद्धार तथा उपचार सम्बन्धी व्यवस्थाका विषयमा परिषद्ले अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने।)

**झ. बीमा तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था**

(यातायात तथा सवारी ऐनमा कुन कुन किसिमको बीमा गरिनु पर्ने हो सो बारे व्यवस्था गरिएको तथा यस विधेयकले बीमाको कार्यान्वयन गर्ने विषयमा समन्वय अनुगमन मूल्याङ्कन र नेपाल सरकार समक्ष सुधारको लागि सिफारिस गर्ने)

**ञ. सडक दुर्घटना अभिलेख तथा घाइतेको उद्धार व्यवस्थापन प्रणाली सम्बन्धी व्यवस्था**

(सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले सडक यातायात सेवाको अभिलेख राख्ने तथा सडक सुरक्षा विधेयकले सुरक्षा सम्बन्धी अभिलेख राख्ने साथै घाइतेको उद्धार व्यवस्थापन सम्वन्धमा सडक सुरक्षा सम्बन्धी डिकेड अफ एक्शनमा नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप सडक दुर्घटना अभिलेख तथा घाइतेको उद्धार व्यवस्थापन प्रणाली सम्बन्धी बिस्तृत व्यवस्था यस विधेयकमा कायम गर्नु पर्ने)

**ट. परिषद्को कोष तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था**

(छुट्टै निकाय भएकाले परिषद्को कोष सञ्चालन गर्न परिषद्को कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था आवश्यक भएको)

**ठ. सजाय, पुनरावेदन तथा अन्य व्यवस्था**

यस विधेयकमा प्रचलित कानून बमोजिम हुने भन्ने व्यवस्था राखिएको।

**ङ. दुर्घटना अध्ययन सम्बन्धी व्यवस्था**

(सडक सुरक्षा विधेयकमा सबै प्रकृतिको सडक दुर्घटना अध्ययन गर्ने सम्बन्धी व्यवस्था गर्नु पर्ने)

**ढ. विविध।**

## आर्थिक टिप्पणी

प्रस्तावित राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापना र सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा गरिएका व्यवस्थाबाट नेपाल सरकारले प्रत्यक्ष रुपमा कुनै आर्थिक दायित्व वहन गर्नु पर्ने अवस्था छैन। प्रस्तुत विधेयकको दफा ३९ को उपदफा (४) मा परिषद्को सम्पूर्ण खर्च परिषद्को कोषमा जम्मा भएको रकमबाट व्यहोरिने व्यवस्था रहेको।

सुनिल लम्साल
मन्त्री
पूर्वाधार विकास मन्त्रालय

असोज, २०८३

**सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ८ को खण्ड (छ) | ऐन संक्षिप्त हुने र परिषद्ले गर्नु पर्ने सडक सुरक्षा सम्बन्धी अन्य कार्य नियमावलीमा राख्नु पर्ने भएकोले। | ऐनमा लेखिएका व्यवस्थाका अतिरिक्त ऐनको अधीनमा रही नियमावलीले सडक सुरक्षा सम्बन्धी परिषद्को थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने। | काम, कर्तव्य र अधिकार स्पष्ट हुने हुँदा कार्य सञ्चालनमा सहजता हुने। |
| २. | १४ को उपदफा (२) | सडक सुरक्षा परीक्षण सम्बन्धी तालिममा भाग लिन सक्ने योग्यता सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न आवश्यक भएकोले। | सडक सुरक्षा परीक्षण सम्बन्धी तालिममा भाग लिन सक्ने योग्यताको आधार तयार हुने। | सडक सुरक्षा परीक्षण सम्बन्धी तालिममा भाग लिन सक्ने योग्यताको आधार तयार भई व्यवस्थित हुने। |
| ३. | १४ को उपदफा (३) | सडक सुरक्षा परीक्षण सम्बन्धी तालिममा सहभागी भएका व्यक्तिको परीक्षण सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न आवश्यक भएकोले। | सडक सुरक्षा परीक्षण सम्बन्धी तालिममा सहभागी भएका व्यक्तिको परीक्षणका विधि नियमावलीमा तोकिने। | योग्य र दक्षतायुक्त सडक सुरक्षा परीक्षक निर्माण हुने। |
| ४. | १९ को उपदफा (छ) | सडक सम्बन्धी निकायबाट सुरक्षित सडकको विकास तथा निर्माणका सम्बन्धमा थप व्यवस्था गर्न आवश्यक भएकोले। | सडक सम्बन्धी निकायबाट सुरक्षित सडकको विकास तथा निर्माणका सम्बन्धमा ऐनमा व्यवस्था गरिएको अतिरिक्त ऐनको अधीनमा रही नियमावलीमा थप व्यवस्था हुने। | सडक सम्बन्धी निकायबाट सुरक्षित सडकको विकास तथा निर्माणका सम्बन्धमा थप व्यवस्थित भई ऐन कार्यान्वयनमा सहज हुने। |

| | | | | |
|---|---|---|---|---|
| ५. | २९ को उपदफा (३) को खण्ड (घ) | परिषद्बाट सडकमा सवारी साधनको चाप तथा सडक दुर्घटनाको गाम्भीर्यताअनुसार दुर्घटनाका पीडितलाई तत्काल उपचार गर्न सम्बन्धित निकायसँग समन्वय गरी थप व्यवस्था मिलाउन निर्देशन दिन सक्ने व्यवस्था तोक्न आवश्यक भएकोले। | ऐनमा उल्लिखित व्यवस्थाका अतिरिक्त ऐनको अधीनमा रही परिषद्बाट दुर्घटनाका पीडितलाई तत्काल उपचार गर्न सम्बन्धित निकायसँग समन्वय गरी मिलाउन निर्देशन दिन सक्ने सक्ने थप व्यवस्था नियमावलीमा थप हुने। | सडक दुर्घटना पीडितलाई छिटो, प्रभावकारी र पर्याप्त उपचार प्रदान हुने। |
| ६. | ३३ को उपदफा (३) | सडक दुर्घटना पछिको उद्धारमा खटिने निकाय, उपचारमा संलग्न स्वास्थ्य संस्था, बीमा सम्बन्धी संस्था, सडकसँग सम्बन्धित निकाय र स्थानीय तहले प्रविष्ट गर्नु पर्ने तथ्याङ्क तोक्न आवश्यक भएकोले। | नियमावलीमा प्रविष्ट गर्नु पर्ने तथ्याङ्क सम्बन्धी विषयमा स्पष्ट व्यवस्था हुने। | तथ्याङ्क संकलन भई सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणालीमा सम्बन्धित व्यक्ति, निकाय आबद्द हुने। |
| ७. | ३३ को उपदफा (४) | सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका तथ्याङ्कमा सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने पहुँचको तरिका सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। | प्रविष्ट भएका तथ्याङ्कमा सम्बन्धित निकायलाई पहुँच उपलब्ध गराउने व्यवस्था हुने। | प्रविष्ट भएका तथ्याङ्कमा सम्बन्धित निकायको पहुँच हुने। |
| ८. | ३३ को उपदफा (५) | अन्य सरकारी तथा गैर सरकारी निकायद्वारा सञ्चालित प्रणालीहरूमा रहेका आवश्यक | अन्य सरकारी तथा गैर सरकारी निकायद्वारा सञ्चालित प्रणालीहरूमा रहेका आवश्यक तथ्याङ्कहरू सडक दुर्घटना | तथ्याङ्क सङ्कलनमा सहज हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | तथ्याङ्कहरू सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणालीमा स्वचालित रूपमा उपलब्ध गराउन अपनाउनु पर्ने प्रक्रियाको व्यवस्था गर्न आवश्यक भएकोले। | अभिलेख व्यवस्थापन प्रणालीलाई स्वचालित रूपमा उपलब्ध गराउन अपनाउनु पर्ने प्रक्रिया नियमावलीमा व्यवस्था हुने। | |
| ९. | ३४ को उपदफा (५) | सडक दुर्घटना अध्ययन समितिको संयोजक तथा सदस्यको पारिश्रमिक र सुविधा नियमावलीमा तोक्न आवश्यक भएकोले। | सडक दुर्घटना अध्ययन समितिको संयोजक तथा सदस्यको पारिश्रमिक र सुविधा नियमावलीमा स्पष्ट व्यवस्था हुने। | सडक दुर्घटना अध्ययन समितिको संयोजक तथा सदस्यको पारिश्रमिक र सुविधाको स्पष्ट व्यवस्था हुने। |
| १०. | ३६ को उपदफा (२) | कार्यकारी निर्देशकले परिषद्मा काम गरेवापत पाउने थप सुविधा सम्बन्धी व्यवस्था गर्नु पर्ने भएकोले। | नियमावलीमा कार्यकारी निर्देशकले परिषद्मा काम गरेवापत पाउने थप सुविधाको व्यवस्था हुने। | थप पाउने सुविधाको स्पष्ट व्यवस्था हुने। |
| ११. | ३७ को खण्ड (छ) | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारको थप व्यवस्था गर्न आवश्यक भएकोले। | ऐनमा लेखिएका व्यवस्थाका अतिरिक्त ऐनको अधीनमा रही नियमावलीमा कार्यकारी निर्देशकको थप काम, कर्तव्य र अधिकारको व्यवस्था हुने। | काम, कर्तव्य र अधिकार स्पष्ट हुने हुँदा कार्य सञ्चालनमा सहजता हुने। |
| १२. | ३९ को उपदफा (६) | परिषद्को कोषको खाता सञ्चालन तोक्न आवश्यक भएकोले। | नियमावलीमा परिषद्को कोषको खाता सञ्चालनको व्यवस्था हुने। | परिषद्को कोषको खाता सञ्चालनमा पारदर्शिता, मितव्ययता तथा प्रभावकारी हुने। |

| | | | | |
|---|---|---|---|---|
| १३. | ४१ को उपदफा (२) | परिषद्को आय-व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। | नियमावलीमा तोकिएबमोजिम परिषद्ले आय-व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्ने वा गराउने। | काम कारवाही गर्न सहज हुने। |

# सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शिर्षक | दफामा भएका व्यवस्था |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "राष्ट्रिय सडक सुरक्षा ऐन, २०८३" रहेको र यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ। |
| २ | परिभाषा | प्रस्तुत विधेयकमा पटक-पटक दोहोरिएका शब्दहरुको स्पष्ट गरी परिभाषित गरिएको छ। |
| ३ | परिषद्को गठन | सडक सुरक्षा मापदण्डको विकास गरी कार्यान्वयन गराउन, सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण गर्न, सडक सम्बन्धी निकाय र यातायात सम्बन्धी निकायबीच समन्वय गर्न तथा सडक सुरक्षा व्यवस्थापन र प्रबर्धन गर्न एक राष्ट्रिय सडक सुरक्षा परिषद् रहनेछ र मनोनीत सदस्यको पदावधि बढीमा चार वर्षको हुने प्रस्ताव गरिएको छ। |
| ४ | परिषद्को सदस्यमा मनोनयन हुन अयोग्यता | परिषद्को सदस्यको पदमा मनोनयन हुन नसक्ने व्यवस्था गरिएको छ। |
| ५ | परिषद् सदस्यको पद रिक्त हुने | परिषद्का मनोनीत सदस्यको पद निजले अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा दिएमा, चार वर्षको पदावधि पूरा भएमा वा अध्यक्षले निजलाई पदबाट हटाएमा, दफा ४ बमोजिमको आयोग्यता सृजना भएमा, उचित र पर्याप्त कारण बाहेक बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा, निजको मृत्यु भएमा, वा शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको पदमा रही कार्य सम्पादन गर्न असमर्थ भएको प्रमाणित भएमा रिक्त हुने व्यवस्था गरिएको छ। |
| ६ | परिषद्को बैठक र निर्णय | परिषद्को बैठक तीन महिनामा कम्तीमा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने र परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ भनी प्रस्ताव गरिएको छ। |
| ७ | स्वार्थ बाझिएमा निर्णय | परिषद्को कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर परिषद्को बैठकमा छलफल हुने रहेछ भने सो छलफल सुरु हुनुभन्दा अगावै निजले सो बारेमा अध्यक्षलाई जानकारी दिनु पर्नेछ र त्यस्तो |

| | | |
|---|---|---|
| | प्रकृयामा सहभागी हुन नपाउने | सदस्यले सो प्रस्ताव उपर हुने छलफल तथा निर्णयमा भाग लिन र आफ्नो मत प्रकट गर्न नपाउने व्यवस्था गरिएको छ। |
| ८ | परिषद्को काम, कर्तव्य र अधिकार | परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। |
| ९ | परिषद्लाई जानकारी दिनुपर्ने | सडक सम्बन्धी निकायले सडक निर्माण सम्पन्न भए पछि उक्त सडकको ज्यामितीय प्रकृति तथा भौगोलिक अवस्थितिअनुसार त्यस्ता सडकमा यातायात सञ्चालन गर्न सवारी साधनको उपयुक्तता र किसिमको बारेमा यातायात सम्बन्धी निकायलाई बाटो इजाजतपत्र जारी गर्न सिफारिस गरी परिषद्लाई सोको जानकारी दिनु पर्ने प्रस्ताव गरिएको छ। |
| १० | यथाशिघ्र मर्मत सम्भार गर्नु पर्ने | सडक सम्बन्धी निकायले सडक दुर्घटना बढी हुने वा हुनसक्ने स्थानमा जीर्ण अवस्थामा रहेका वा क्षति भएका सडक यथाशिघ्र मर्मत सम्भार गर्नु पर्ने र सडक सम्बन्धी निकायले सडक दुर्घटना बढी हुने वा हुन सक्ने स्थानमा सडक दुर्घटना रोकथाम तथा न्यूनिकरण गर्न सडक सुरक्षा परीक्षणका आधारमा आवश्यक पर्ने सुधार कार्य गर्नु पर्ने प्रस्ताव गरिएको छ। |
| ११ | आवागमन सुचारु राख्नुपर्ने | सडक सम्बन्धी निकायले सडकको मर्मत सम्भार, पुर्ननिर्माण वा स्तरोन्नति गर्दा वा सडक दुर्घटनाका कारणले आवागमन बन्द भएमा मापदण्ड अनुसारको ट्राफिक सङ्केत राखी वा प्राविधिक दृष्टिले सम्भव भएसम्म अस्थायी बाटो बनाई यातायात सेवालाई सुचारु राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| १२ | यातायात सेवामा रोक लगाउन सिफारिस गर्न सक्ने | परिषद्ले यस ऐन बमोजिम अध्ययन तथा अनुसन्धान गरी तयार गरेको प्रतिवेदनको आधारमा कुनै सडक वा त्यस्तो सडक खण्डको रेखाङ्कन दूरीमा, सडक पूर्वाधार सुधार नभएसम्म यातायात सेवा सञ्चालन गर्न रोक लगाउन सिफारिस गर्न सक्ने प्रस्ताव गरिएको छ। |
| १३ | सडक सीमा भित्रका अन्य पूर्वाधार व्यवस्थापन | सडक सुरक्षामा प्रतिकूल असर नपर्ने गरी सडक सम्बन्धी निकायले सडक सीमाभित्र सडक निर्माण, स्तरोन्नति वा पुनःनिर्माणसँग सम्बन्धित कार्य गर्दा उक्त सीमाभित्र भएका अन्य भौतिक संरचनाहरूको व्यवस्थापन गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिने र कुनै व्यक्ति वा संस्थाले सडक सीमाभित्र भएका सडक संरचना भत्काई, बिगारी वा हटाई सडक दुर्घटनाको |

| | | |
|---|---|---|
| | | दृष्टिले जोखिमपूर्ण बनाएको कारण सडक दुर्घटना भएको देखिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम सजाय हुने प्रस्ताव गरिएको छ। |
| १४ | सडक सुरक्षा परीक्षक | सडक सुरक्षा परीक्षक सम्बन्धी व्यवस्था गरिएको छ। |
| १५ | समिति वा उपसमिति गठन गर्नसक्ने | परिषद्ले यस ऐनबमोजिम आफ्नो कार्य सञ्चालन गर्न सहयोग लिनको लागि ट्राफिक व्यवस्थापन गर्ने निकाय, स्वास्थ्य संस्था, यातायात सेवा प्रदायक, सडक सुरक्षा सम्बन्धी संघ संस्था, सडक डिजाइन तथा निर्माणसँग सम्बन्धी परामर्शदाता वा निर्माण व्यवसायी र सडक सुरक्षा सम्बन्धी अध्ययन अध्यापन गराउने शैक्षिक संस्था समेतको प्रतिनिधित्व रहने गरी समिति वा उपसमिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १६ | प्रदेश सडक सुरक्षा समन्वय समिति | प्रदेशस्तरमा सडक सुरक्षाको प्रबर्धन गर्न प्रदेशको सडक पूर्वाधार विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेशका सम्बन्धित मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रतिनिधि तथा विषय विज्ञ सहित बढीमा एघार सदस्य रहेको प्रदेश सडक सुरक्षा समन्वय समिति रहने र उक्त समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। |
| १७ | स्थानीय सडक सुरक्षा समन्वय समिति | स्थानीय स्तरमा सडक सुरक्षाको प्रबर्धन गर्न स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेको सो स्थानीय तहको कार्यपालिकाको सदस्यको संयोजकत्वमा स्थानीय सडक सुरक्षा समन्वय समिति रहने र उक्त समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। |
| १८ | सडक सुरक्षा व्यवस्थापन | सडक सम्बन्धी निकायले यातायात तथा सडक सुरक्षा व्यवस्थापन गर्न गर्नु पर्ने कार्यको व्यवस्था गरिएको छ। |
| १९ | सुरक्षित सडकको विकास तथा निर्माण सम्बन्धी व्यवस्था | सडक सम्बन्धी निकायले सुरक्षित सडकको विकास तथा निर्माणका सम्बन्धमा गर्नु पर्ने कार्यको व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| २० | नेपाल सरकारलाई सिफारिस गर्न सक्ने | परिषद्ले यातायात सम्बन्धी निकायबाट प्रचलित कानूनबमोजिम हुने काम कारवाहीका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी सो क्रममा कुनै सुधार गर्न आवश्यक देखिएमा नेपाल सरकारमा सिफारिस गर्न सक्ने प्रस्ताव गरिएको छ। |
| २१ | पञ्जीकरण गरी इजाजत प्रदान गर्नुपर्ने | यातायात सम्बन्धी निकायले सार्वजनिक यातायात सेवाको स्तर तथा सुरक्षा सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्थाको पालनाको सुनिश्चित भएपछि मात्र पञ्जीकरण गरी यातायात सेवा सञ्चालनको लागि बाटो इजाजतपत्र प्रदान गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| २२ | सुरक्षित गति र नियमन | सडक सम्बन्धी निकायले सडक पूर्वाधार निर्माण सम्पन्न गरे पछि त्यस्तो सडकमा सञ्चालन गरिने सवारी साधनको अधिकतम गतिको सीमा निर्धारण, जानकारी र सवारी साधनको गति सीमा निर्धारण गर्दा विचार गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| २३ | दुर्घटना वा जोखिम हुने कार्य गर्न नहुने | सडक प्रयोगकर्ताले सवारी चलाउँदा वा सडक प्रयोग गर्दा दुर्घटना वा जोखिम हुने कार्य गर्नु, गराउनु हुँदैन भनी व्यवस्था गरिएको छ। |
| २४ | परिषद्ले निर्देशन दिन सक्ने | परिषद्ले यातायात सम्बन्धी निकायले प्रचलित कानूनबमोजिम सवारी चालक अनुमतिपत्र प्रदान गर्दा सडक सुरक्षाको दृष्टिले परीक्षण गर्नुपर्ने विषय र उक्त विषयमा त्यस्तो निकायलाई निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ। |
| २५ | सचेतना अभिवृद्धि कार्यक्रम | सडक सम्बन्धी निकाय र यातायात सम्बन्धी निकायको लागि सडक सुरक्षा प्रवर्धनात्मक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने व्यवस्था गरिएको छ। |
| २६ | सडक सुरक्षा आचार संहिता | सडक सम्बन्धी निकायले सडक प्रयोगकर्ताको सडक उपयोग गर्ने आचरणमा सुधार ल्याई दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षा आचार संहिता बनाई कार्यान्वयन गर्नु पर्ने र उक्त आचार संहिता कार्यान्वयन भए नभएको सम्बन्धमा परिषद्ले अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ। |
| २७ | सडक दुर्घटनाको जानकारी दिनुपर्ने | कुनै सवारी साधन दुर्घटना भएमा त्यस्तो सवारी साधनको चालक, सवारीमा रहेको यातायात सेवाको कर्मचारी, यात्री वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिले तुरुन्त नजिकको सुरक्षाकर्मी, प्रहरी कार्यालय वा स्थानीय प्रशासन वा स्थानीय तहलाई सोको जानकारी गराई दुर्घटनाबाट घाइते भएकाको उद्धार तथा उपचारको लागि आवश्यक पहल गर्नु पर्ने र असल मनसायका |

| | | |
|---|---|---|
| | | साथ काम गर्दा कुनै चोटपटक लागेमा वा मृत्यु भएमा असल उद्धारकर्ता (गुड सामरिटन) लाई कुनै पनि देवानी तथा फौजदारी कारबाहीको लागि जिम्मेवार नबनाइने प्रस्ताव गरिएको छ। |
| २८ | उद्धार कार्यको निगरानी र नेतृत्व | सडक दुर्घटनाका घाईतेको शिघ्र उद्धार गर्ने कार्य सुरक्षा निकायको निगरानी र नेतृत्वमा हुने, परिषद्ले राष्ट्रिय लोकमार्गका दुर्घटना बढी हुने सडक खण्डमा सडक दुर्घटनामा घाइतेको उद्धार तथा प्राथमिक उपचार सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गराउन सम्बन्धित निकायलाई परिचालन गराउन सक्ने र सडक दुर्घटनाका घाईतेको उद्धार तथा प्राथमिक उपचारको लागि प्रयोग गर्न सकिनेगरी जीवन रक्षक उपकरण सहितका आवश्यक पर्ने अन्य उपकरण सडक क्षेत्रमा पर्ने सरकारी अस्पताललाई र सरकारी अस्पताल नभएको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सञ्चालन भएका अस्पताललाई त्यस्ता उपकरणको स्वामित्व सरकारमा नै रहने गरी उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। |
| २९ | उपचार गर्ने कर्तव्य हुने | सडक दुर्घटनामा परेका घाइतेको उपचार गर्ने कर्तव्य त्यस्तो घाइतेलाई उपचारको लागि पुऱ्याइको स्वास्थ्य संस्थाको हुने र परिषद्ले सडकमा सवारी साधनको चाप तथा सडक दुर्घटनाको गाम्भीर्यताअनुसार दुर्घटनाका पीडितलाई तत्काल उपचार गर्न सम्बन्धित निकायसँग समन्वय गरी व्यवस्था मिलाउन निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ। |
| ३० | बीमा सम्बन्धी मापदण्डको लागि सुझाब दिनसक्ने | परिषद्ले बीमा प्राधिकरणसँग समन्वय गरी सवारी साधन, सवारी चालक तथा यातायात सेवाका कर्मचारी, यात्री तथा दुर्घटनामा घाइतेको उद्धार तथा उपचार र मृत्युको अवस्थामा प्रदान गरिने राहत तथा तेस्रो पक्षको क्षतिको विषय सम्बोधनको लागि गर्नु पर्ने बीमा सम्बन्धमा आवश्यक मापदण्ड विकास गरी कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई सुझाव दिन सक्ने व्यवस्था गरिएको छ। |
| ३१ | सडक दुर्घटनाको हानि-नोक्सानी तथा क्षतिपूर्ति | सडक दुर्घटनाको हानि-नोक्सानी तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ३२ | पीडितको पुनःस्थापन | परिषद्‌ले सडक दुर्घटनाबाट दीर्घकालीन वा आजीवन अशक्त वा अपाङ्ग भएका व्यक्तिको पुनःस्थापनको लागि नेपाल सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३३ | सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणाली | सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणाली सम्बन्धी व्यवस्था गरिएको छ। |
| ३४ | दुर्घटना अध्ययन समिति | परिषद्‌ले सडक दुर्घटनाहरूको प्रकृति तथा कारणहरू पहिचान गरी रोकथामका उपाय सिफारिस गर्न सडक दुर्घटना अध्ययन समिति गठन गर्न सक्ने र उक्त समितिको काम र कर्तव्यको प्रस्ताव गरिएको छ। |
| ३५ | सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान | परिषद्‌ले सडक सुरक्षासँग सम्बन्धित निकायहरू बीच समन्वय गरी सडक दुर्घटना तथा सडक सुरक्षा सम्बन्धी अध्ययन सर्भेक्षण गर्ने तथा गराउने र सो बमोजिमको प्रतिवेदन तयार गरी परिषद्‌मा पेश गर्ने प्रस्ताव गरिएको छ। |
| ३६ | कार्यकारी निर्देशक | नेपाल सरकारले परिषद्‌को प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य गर्नको लागि नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतमध्येबाट सडक सुरक्षा सम्बन्धी विषयमा अनुभव भएका अधिकृतलाई परिषद्‌को कार्यकारी निर्देशकको रुपमा तोक्न सक्ने व्यवस्था गरिएको छ। |
| ३७ | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| ३८ | सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था | परिषद्‌को सचिवालय मन्त्रालयमा रहने र परिषद्‌को सचिवालयको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ३९ | परिषद्को कोष | परिषद्को कोष सम्बन्धी व्यवस्था गरिएको छ। |
| ४० | कोषको रकमको प्रयोग | परिषद्को कोषको रकम खर्च गर्नु पर्ने कार्यको व्यवस्था गरिएको छ। |
| ४१ | लेखा र लेखापरीक्षण | परिषद्को आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्ने, आय-व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु, गराउनु पर्ने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गरिएको छ। |
| ४२ | विद्युतीय अभिलेख प्रणालीमा पहुँच दिनुपर्ने | यातायात व्यवस्था सम्बन्धी निकायले सवारी चालक तथा सवारी साधन सम्बन्धी विद्युतीय अभिलेख प्रणालीमा परिषद्लाई आवश्यकताअनुसार पहुँच दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ४३ | अधिकार प्रत्यायोजन गर्न सक्ने | यस ऐनबमोजिम परिषद्लाई प्राप्त अधिकारहरूमध्ये परिषद्ले आवश्यकताअनुसार कुनै अधिकार अध्यक्ष, परिषद्को कुनै सदस्य वा कार्यकारी निर्देशक वा परिषद्को अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४४ | वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने | परिषद्ले नेपाल सरकारसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने देहायका विषय र विवरणहरू खुलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाल सरकारसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४५ | नियम बनाउन सक्ने | नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४६ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४७ | खारेजी र बचाउ | सडक बोर्ड ऐन, २०५८ को दफा १७ खारेज गरिएको र उक्त दफाको व्यवस्था बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था गरिएको छ। |

# सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : सुरक्षित सडकको लागि सडक पूर्वाधार निर्माणको सुरक्षा मापदण्ड विकास गरी कार्यान्वयन गराउन, सडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिलाई कम गर्न र सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण गर्नका लागि सडक सुरक्षा व्यवस्थापन तथा प्रबर्धन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय सडक सुरक्षा ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ३९ बमोजिमको कोष सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(घ) "दुर्घटना स्थल" भन्नाले सडक दुर्घटना भएको स्थान र सो वरिपरिको दुर्घटना प्रभावित क्षेत्र सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय सडक सुरक्षा परिषद् सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "यातायात सम्बन्धी निकाय" भन्नाले प्रचलित कानूनबमोजिम यातायात सेवा पञ्जीकरण गर्ने, सवारी साधनको जाँचपास गर्ने वा बाटो इजाजतपत्र दिने निकाय वा कार्यालय सम्झनु पर्छ।

(ज) "सडक" भन्नाले सार्वजनिक सडक सम्बन्धी प्रचलित कानून बमोजिमको सार्वजनिक सडक सम्झनु पर्छ।

(झ) "सडक प्रयोगकर्ता" भन्नाले सडकको भित्र वा बाहिर रहेर सडकको प्रयोग गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(ञ) "सडक सम्बन्धी निकाय" भन्नाले सडक डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्ने संघ, प्रदेश र स्थानीय तहका निकाय वा कार्यालय सम्झनु पर्छ।

(ट) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने तीनसय पचास वाट (पिकपावर) भन्दा कम क्षमता भएको दुई पाङ्ग्रे विद्युतीय सवारी साधन बाहेकको अन्य सवारी साधन सम्झनु पर्छ।

(ठ) "सडक सुरक्षा परीक्षण" भन्नाले सार्वजनिक सडकको विस्तृत ईन्जिनियरिङ डिजाइन, सडक निर्माणको अवस्था वा निर्माण सम्पन्न भएको सडकमा प्रचलित कानूनबमोजिम यातायात सेवा सञ्चालनको लागि बाटो निर्धारण गर्नु अगावै वा यातायात सेवा सञ्चालन भइसकेका तर सुरक्षा परीक्षण नगरिएका सडकको सुरक्षाको दृष्टिले तोकिएको प्रक्रियाबमोजिम गरिने जाँच वा परीक्षण सम्झनु पर्छ।

(ड) "सडक सुरक्षा सम्बन्धी संरचना" भन्नाले सार्वजनिक सडकमा दुर्घटना जोखिम कम गर्ने उद्देश्यले सडकमा निर्माण गरिएका ट्राफिक सङ्केत बाहेकका प्यारापेट ब्लक, स्टिल क्र्याश ब्यारियर, रोप ब्यारियर, कंक्रिट ब्यारियर, डेलिनियटर पोस्ट, ग्याबियन वाल वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्छ।

## परिच्छेद-२

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्को गठन** : (१) सडक सुरक्षा मापदण्डको विकास गरी कार्यान्वयन गराउन, सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण गर्न, सडक सम्बन्धी निकाय र यातायात सम्बन्धी निकाय बीच समन्वय गर्न तथा सडक सुरक्षा व्यवस्थापन र प्रबर्धन गर्न एक राष्ट्रिय सडक सुरक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहायबमोजिम हुनेछः-

(क) पूर्वाधार विकास मन्त्री -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, गृह मन्त्रालय -सदस्य

(ङ) सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय -सदस्य

(च) प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी -सदस्य

(छ) यातायात, अटोमोबाईल, इन्जिनियरिङ, जनस्वास्थ्य तथा सडक सुरक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको कार्यअनुभव भएका व्यक्तिहरू मध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ज) कार्यकारी निर्देशक, परिषद् -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा अध्यक्षले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

४. <u>परिषद्को सदस्यमा मनोनयन हुन अयोग्यता</u> : देहायको व्यक्ति परिषद्को सदस्यको पदमा मनोनयन हुन सक्नेछैन :-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण वा ओसारपसार, राहदानी दुरूपयोग, अपहरण, शरीरबन्धक, जवरजस्ती करणी, बहुविवाह, पुरातात्विक महत्वका वस्तुहरूको अवैध कारोवार, संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा सवारी ज्यान सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरिएको वा अन्य फौजदारी कसुरमा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिनेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(घ) प्रचलित कानूनबमोजिम कालो सूची वा दामासाहीमा परेको,

(ङ) सार्वजनिक निकायको कुनै लाभको पदधारण गरेको,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ।

५. <u>परिषद् सदस्यको पद रिक्त हुने</u> : परिषद्का मनोनीत सदस्यको पद देहायका अवस्थामा रिक्त हुनेछः-

(क) निजले अध्यक्षसमक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ३ को उपदफा (२) बमोजिम पदावधि पूरा भएमा वा उपदफा (३) बमोजिम अध्यक्षले निजलाई पदबाट हटाएमा,

(ग) निजमा दफा ४ बमोजिमको आयोग्यता सृजना भएमा,

(घ) उचित र पर्याप्त कारण बाहेक बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा,

(ङ) निजको मृत्यु भएमा, वा

(च) शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको पदमा रही कार्य सम्पादन गर्न असमर्थ भएको प्रमाणित भएमा।

६. **<u>परिषद्को बैठक र निर्णय</u>** : (१) परिषद्को बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै परिषद्का सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(८) परिषद्को बैठकमा प्रदेश सरकारको सचिव, स्थानीय तहका प्रतिनिधि तथा सडक सुरक्षा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

७. **<u>स्वार्थ बाझिएमा निर्णय प्रकृयामा सहभागी हुन नपाउने</u>** : परिषद्को कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर परिषद्को बैठकमा छलफल हुने रहेछ भने सो छलफल सुरु हुनुभन्दा अगावै निजले सो बारेमा अध्यक्षलाई जानकारी दिनु पर्नेछ र त्यस्तो सदस्यले सो प्रस्तावउपर हुने छलफल तथा निर्णयमा भाग लिन र आफ्नो मत प्रकट गर्न पाउनेछैन।

८. **<u>परिषद्को काम, कर्तव्य र अधिकार</u>** : परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) नीति, योजना, बजेट तथा कार्यक्रमसम्बन्धी-

(१) परिषद् सञ्चालनको नीति र योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

(२) परिषद्को वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्ने, र

(३) स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने, गराउने।

(ख) मापदण्ड जारी गर्ने र गुणस्तर तोक्ने सम्बन्धी-

(१) सडक निर्माण गर्दा सडक सुरक्षा सम्बन्धमा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड तथा सडक सुरक्षा परीक्षण सम्बन्धी मापदण्ड जारी गर्ने,

(२) सडक सुरक्षा सम्बन्धी संरचना निर्माण सामग्रीको गुणस्तर तथा निर्माण प्रक्रियाको मापदण्ड जारी गर्ने,

(३) सवारी साधनसँग सम्बन्धित सुरक्षा उपकरण तथा सामग्रीहरूको उत्पादन तथा पैठारी सम्बन्धी मापदण्ड जारी गर्ने, र

(४) सडकको वर्गीकरणको आधारमा सडकको मर्मत सम्भार गर्दा कायम गर्नुपर्ने गुणस्तर तोक्ने।

(ग) समन्वय तथा सहजीकरण सम्बन्धी-

(१) सडक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाहरू बिच समन्वय गर्ने,

(२) सडक सुरक्षा सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने,

(३) सडक सुरक्षा सम्बन्धी काम गर्ने अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्ने, र

(४) सडक सम्बन्धी निकायद्वारा सञ्चालन गरिने सडक सम्बन्धी परियोजनाको तर्जुमा तथा कार्यान्वयनमा समन्वय गर्ने।

(घ) अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षणसम्बन्धी-

(१) परिषद्ले जारी गरेको सडक सुरक्षा सम्बन्धी मापदण्ड पालना भए नभएको सम्बन्धमा र सडक सुरक्षा परीक्षणको अनुगमन गर्ने गराउने,

(२) सडक सम्बन्धी निकायद्वारा सञ्चालन गरिने सडक सम्बन्धी परियोजनाको तर्जुमा तथा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(३) सडक निर्माण तथा मर्मत सम्भारमा संलग्न मजदुर, प्राविधिक, निर्माण व्यवसायी, तथा अन्य कर्मचारीको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने, र

(४) परिषद्ले तोकेको गुणस्तर अनुरूप सडकको मर्मत सम्भार गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण गर्ने गराउने र गुणस्तर अनुरूप सडक मर्मत सम्भार गरेको नदेखिएमा गुणस्तर अनुरूप सडकको मर्मत सम्भार गराउन लेखी पठाउने।

(ङ) अध्ययन, अनुसन्धान तथा सूचना प्रणालीसम्बन्धी-

(१) सडक सुरक्षा सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने,

(२) सडक दुर्घटना सम्बन्धी केन्द्रीय स्तरमा सूचना व्यवस्था प्रणालीको स्थापना तथा व्यवस्थापन गर्ने,

(३) सडक सुरक्षा सम्बन्धी सूचना सामग्रीहरूको प्रकाशन तथा सञ्चार माध्यममा प्रसारण गर्ने गराउने।

(च) नेपाल सरकारलाई राय, सुझाव दिने तथा सिफारिस गर्नेसम्बन्धी-

(१) सडक सुरक्षा सम्बन्धी विषयमा नेपाल सरकारलाई राय, सुझाव दिने, र

(२) सुरक्षित सडक, सवारी साधन र यातायात सेवा, सवारी साधनको गति नियमन तथा ट्राफिक नियमको प्रभावकारी पालना, सुरक्षित सडक प्रयोगकर्ता, सडक दुर्घटना पछिको प्रभावकारी उद्धार, उपचार, पुनःस्थापना र क्षतिपूर्ति समेतका सडक सुरक्षासँग सम्बन्धित विषयमा गर्नुपर्ने नीतिगत तथा कानूनी व्यवस्थाको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने।

(छ) सडक सुरक्षा सम्बन्धी तोकिएबमोजिम अन्य कार्य गर्ने।

९. **परिषद्लाई जानकारी दिनु पर्ने** : सडक सम्बन्धी निकायले सडक निर्माण सम्पन्न भए पछि उक्त सडकको ज्यामितीय प्रकृति तथा भौगोलिक अवस्थितिअनुसार त्यस्ता सडकमा यातायात सञ्चालन गर्न सवारी साधनको उपयुक्तता र किसिमको बारेमा यातायात सम्बन्धी निकायलाई बाटो इजाजतपत्र जारी गर्न सिफारिस गरी परिषद्लाई सोको जानकारी दिनु पर्नेछ।

१०. **यथाशिघ्र मर्मत सम्भार गर्नु पर्ने** : (१) सडकसम्बन्धी निकायले सडक दुर्घटना बढी हुने वा हुनसक्ने स्थानमा जीर्ण अवस्थामा रहेका वा क्षति भएका सडक यथाशिघ्र मर्मत सम्भार गर्नु पर्नेछ।

(२) सडक सम्बन्धी निकायले सडक दुर्घटना बढी हुने वा हुनसक्ने स्थानमा सडक दुर्घटना रोकथाम तथा न्यूनिकरण गर्न सडक सुरक्षा परीक्षणका आधारमा आवश्यकपर्ने सुधार कार्य गर्नु पर्नेछ।

११. **आवागमन सुचारु राख्नु पर्ने** : सडक सम्बन्धी निकायले सडकको मर्मत सम्भार, पुर्ननिर्माण वा स्तरोन्नति गर्दा वा सडक दुर्घटनाका कारणले आवागमन बन्द भएमा मापदण्ड अनुसारको ट्राफिक सङ्केत राखी वा प्राविधिक दृष्टिले सम्भव भएसम्म अस्थायी बाटो बनाई यातायात सेवालाई सुचारु राख्नु पर्नेछ।

१२. **यातायात सेवामा रोक लगाउन सिफारिस गर्नसक्ने** : परिषद्ले यस ऐनबमोजिम अध्ययन तथा अनुसन्धान गरी तयार गरेको प्रतिवेदनको आधारमा कुनै सडक वा त्यस्तो सडक खण्डको रेखाङ्कन दूरीमा, सडक पूर्वाधार सुधार नभएसम्म यातायात सेवा सञ्चालन गर्न रोक लगाउन सिफारिस गर्न सक्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "रेखाङ्कन दूरी" भन्नाले कुनै पनि सडकको सुरु बिन्दुबाट सडक-केन्द्र रेखाअनुसार नापिएको दूरी सम्झनु पर्छ।

१३. **सडक सीमा भित्रका अन्य पूर्वाधार व्यवस्थापन** : (१) सडक सुरक्षामा प्रतिकूल असर नपर्नेगरी सडकसम्बन्धी निकायले सडक सीमा भित्र सडक निर्माण, स्तरोन्नति वा पुनःनिर्माणसँग सम्बन्धित कार्य

गर्दा उक्त सीमाभित्र भएका अन्य भौतिक संरचनाहरूको व्यवस्थापन गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिनेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "अन्य भौतिक संरचना" भन्नाले सडक सीमाभित्र रहेका रुख, विद्युतका खम्बा, टेलिफोन वा सञ्चार सम्बन्धी संरचना र खानेपानी वा ढल निकास प्रणालीसँग सम्बन्धित संरचना सम्झनु पर्छ।

(२) कुनै व्यक्ति वा संस्थाले सडक सीमाभित्र भएका सडक संरचना भत्काई, बिगारी वा हटाई सडक दुर्घटनाको दृष्टिले जोखिमपूर्ण बनाएको कारण सडक दुर्घटना भएको देखिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम सजाय हुनेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "सडक संरचना" भन्नाले सडक पेभमेन्ट, सडक किनार, सडकपेटी, ट्राफिक चिह्न वा विद्युतीय सङ्केत, पैदलयात्रीको लागि बनाईएको सडक माथिको पुल तथा सडक मुनि बनाईएको सडक पार गर्ने बाटो, बस बिसौनी, पार्किङ् लेन, यात्रु सेवा केन्द्र, सडक सुरक्षा सम्बन्धी संरचना, सडक किनारको भिरालो नियन्त्रण सम्बन्धी संरचना तथा पर्खाल, पुल, तथा अन्य ड्रेनेज जस्ता सार्वजनिक सडकमा निर्माण गरिएका भौतिक पूर्वाधार संरचना सम्झनु पर्छ।

**१४.** **<u>सडक सुरक्षा परीक्षक</u>** : (१) परिषद्ले सडक सुरक्षा परीक्षकको प्राविधिक जनशक्ति विकास गर्न सडक सुरक्षा परीक्षण सम्बन्धी तालिम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको तालिममा तोकिए बमोजिमको योग्यता भएका व्यक्तिले परिषद्ले निर्धारण गरेको प्रक्रिया पूरा गरी भाग लिन सक्नेछन्।

(३) उपदफा (१) बमोजिमको तालिममा सहभागी भएका व्यक्तिको तालिमको अन्त्यमा तोकिएबमोजिम परीक्षण गरी सफल हुनेलाई परिषद्ले सडक सुरक्षा परीक्षकको प्रमाणपत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमाणपत्र प्राप्त व्यक्तिबाट यस ऐन बमोजिमको सडक सुरक्षा परीक्षण गराउन सकिनेछ।

(५) सडक सुरक्षा प्रमाणपत्र प्राप्त व्यक्तिले सडक सुरक्षा परीक्षण गर्दा परिषद्बाट निर्धारित मापदण्ड अनुरूप सडक सुरक्षा परीक्षण नगरेको वा गलत प्रतिवेदन दिएको पाईएमा परिषद्ले निजको प्रमाणपत्र कुनै पनि समयमा रद्द गर्न सक्नेछ।

(६) सडक सुरक्षा परीक्षकले पालना गर्नुपर्ने शर्त तथा प्रमाणपत्र रद्द गर्ने प्रकृया सम्बन्धी व्यवस्था परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

**१५.** **<u>समिति वा उपसमिति गठन गर्नसक्ने</u>** : (१) परिषद्ले यस ऐनबमोजिम आफ्नो कार्य सञ्चालन गर्न सहयोग लिनको लागि ट्राफिक व्यवस्थापन गर्ने निकाय, स्वास्थ्य संस्था, यातायात सेवा प्रदायक, सडक सुरक्षा सम्बन्धी संघ संस्था, सडक डिजाइन तथा निर्माणसँग सम्बन्धी परामर्शदाता वा निर्माण व्यवसायी

र सडक सुरक्षा सम्बन्धी अध्ययन अध्यापन गराउने शैक्षिक संस्था समेतको प्रतिनिधित्व रहने गरी समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको बैठक सम्बन्धी कार्यविधि सो समिति वा उपसमिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम तथा कर्तव्य त्यस्तो समिति वा उपसमिति गठन गर्दाका बखत परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-३
## प्रदेश र स्थानीय सडक सुरक्षा समन्वय समिति

१६. **प्रदेश सडक सुरक्षा समन्वय समिति** : (१) प्रदेशस्तरमा सडक सुरक्षाको प्रबर्धन गर्न प्रदेशको सडक पूर्वाधार विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेशका सम्बन्धित मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रतिनिधि तथा विषय विज्ञ सहित बढीमा एघार सदस्य रहेको प्रदेश सडक सुरक्षा समन्वय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश सडक सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सडक सुरक्षा विषयमा परिषद्सँग समन्वय गर्ने,

(ख) प्रदेशस्तरका सडक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ग) सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) परिषद्ले गरेका सडक सुरक्षा सम्बन्धी सिफारिस कार्यान्वयन गर्ने गराउने,

(ङ) सडक सुरक्षा सम्बन्धी विषयमा भएका काम कारवाहीको वार्षिक प्रतिवेदन परिषद्मा पठाउने, र

(च) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही सडक सुरक्षा सम्बन्धी विषयमा प्रदेश कानूनले तोकेका अन्य काम गर्ने।

(३) उपदफा (१) बमोजिमको प्रदेश सडक सुरक्षा समन्वय समितिको बैठकसम्बन्धी अन्य विषय सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१७. **स्थानीय सडक सुरक्षा समन्वय समिति** : (१) स्थानीय स्तरमा सडक सुरक्षाको प्रबर्धन गर्न स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेको सो स्थानीय तहको कार्यपालिकाको सदस्यको संयोजकत्वमा स्थानीय सडक सुरक्षा समन्वय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको स्थानीय सडक सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ: -

(क) सडक सुरक्षाका विषयमा दफा १६ बमोजिमको प्रदेश सडक सुरक्षा समन्वय समिति र परिषद्सँग समन्वय गर्ने,

(ख) परिषद्सँग समन्वय गरी सडक सुरक्षा सम्बन्धी कार्यक्रम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) परिषद्का सिफारिस कार्यान्वयन गर्ने, गराउने

(घ) सडक सुरक्षा सम्बन्धी स्थानीय तहबाट गरिएका काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पठाउने, र

(ङ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही सडक सुरक्षा सम्बन्धी आवश्यक अन्य काम गर्ने।

(३) उपदफा (१) बमोजिमको स्थानीय सडक सुरक्षा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-४
## सडक सुरक्षा व्यवस्थापन र सुरक्षित सडक पूर्वाधार सम्बन्धी व्यवस्था

१८. **सडक सुरक्षा व्यवस्थापन** : सडक सम्बन्धी निकायले यातायात तथा सडक सुरक्षा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्य गर्नु पर्नेछ :-

(क) सुरक्षित प्रणालीमा आधारित यातायात व्यवस्थाको लागि अनुमानित लागत सहितको राष्ट्रिय सडक सुरक्षा कार्ययोजना तयार गर्ने,

(ख) सडक सुरक्षासँग सम्बन्धित बहुमाध्यम यातायात तथा सडक क्षेत्रमा भू-उपयोग योजना तयार गर्ने,

(ग) सडक सुरक्षा लगानी योजना अनुरूप बजेट व्यवस्थापन र कार्यान्वयन गर्ने,

(घ) सडक सुरक्षामा आधुनिक यातायात प्रणालीका नवीनतम प्रविधि र तथ्यमा आधारित असल अभ्यासको प्रयोगमा ल्याउने,

(ङ) सडक सम्बन्धी निकायका नीतिगत, कानूनी तथा प्राविधिक व्यवस्था राष्ट्रिय सडक सुरक्षा नीतिसँग सामन्जस्य हुने गरी निर्माण गर्न परिषद्सँग समन्वय गर्ने,

(च) परिषद्ले तोकेको मापदण्ड र गुणस्तरबमोजिम सडक निर्माण तथा मर्मत गर्ने, र

(छ) सडक सुरक्षा सम्बन्धी परीक्षण (रोड सेफ्टि अडिट) गर्ने।

१९. **सुरक्षित सडकको विकास तथा निर्माण सम्बन्धी व्यवस्था** : सडक सम्बन्धी निकायले सुरक्षित सडकको विकास तथा निर्माणका सम्बन्धमा देहायको कार्य गर्नु पर्नेछ :-

(क) सुरक्षित सडक सम्बन्धी लक्ष्य निर्धारण गरी अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन रणनीति, योजना तथा कार्यक्रम तयार गरी लागु गर्ने तथा सोको जानकारी परिषद्लाई गराउने,

(ख) परिषद्ले जारी गरेको सडक सुरक्षा सम्बन्धी मापदण्डबमोजिम सडक योजनाको तर्जुमा, डिजाइन, निर्माण, सञ्चालन, मर्मत सम्भार, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) परिषद्ले जारी गरेको मापदण्डको आधारमा सडक सुरक्षा परीक्षण गर्ने,

(घ) सडक निर्माण गर्दा पालना गर्नुपर्ने सुरक्षित निर्माण स्थल सम्बन्धी परिषद्ले जारी गरेको मापदण्डको पालना गरी आवागमनलाई सहज र सुचारु राख्ने,

(ङ) परिषद्बाट स्वीकृत मापदण्डअनुसार सडक सुरक्षा सम्बन्धी संरचना तथा ट्राफिक उपकरण, सङ्केत वा चिह्न राख्ने,

(च) परिषद्बाट स्वीकृत मापदण्डबमोजिम सडक सुरक्षा सम्बन्धी पुर्व-सूचना प्रणाली युक्त ट्राफिक संरचनाको व्यवस्था गर्ने, र

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## सुरक्षित सवारी साधन, यातायात सेवा र गति निर्धारण

२०. **नेपाल सरकारलाई सिफारिस गर्नसक्ने** : (१) परिषद्ले यातायात सम्बन्धी निकायबाट प्रचलित कानूनबमोजिम हुने देहायका काम कारवाहीका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी सो क्रममा कुनै सुधार गर्न आवश्यक देखिएमा नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ :-

(क) सवारी साधनको उत्पादन, पैठारी तथा बडि बिल्डिङ्ग,

(ख) हेल्मेट, सिट-बेल्ट तथा अन्य सुरक्षा उपकरणको डिजायन तथा प्रयोग,

(ग) सवारी साधनको स्वरूप तथा संरचनामा फेरवदल वा परिवर्तन,

(घ) यातायात सेवाका सवारी साधनको यान्त्रिक स्थिति वा सुरक्षा उपकरण जडान,

(ङ) सार्वजनिक सवारी साधनको यान्त्रिक तथा भौतिक स्थितिको परीक्षण र जाँचपास,

(च) यातायात सेवामा प्रयोग गरिने सवारी साधन त्यस्तो सेवामा प्रयोग गर्नसकिने अवधि,

(छ) सवारी साधन मर्मत तथा निर्माण गर्ने वर्कशप तथा कारखानाको मापदण्ड,

(ज) यातायात सेवामा कार्यरत सवारी चालक तथा कर्मचारीको सुरक्षा,

(झ) सुरक्षित निजी सवारी साधन सम्बन्धी, र

(ञ) दुर्घटना स्थलबाट आवश्यक विवरण तथा प्रमाण संकलन गरी यथाशिघ्र सवारी आवागमन सुचारु गर्ने।

(२) यातायात सम्बन्धी निकायले सवारी साधनको अधिकतम लम्बाई, चौडाई वा उचाई जस्ता ज्यामितीय आकार तथा मालवाहक सवारी साधनको अधिकतम धुरा भार वा कुल वजन सम्बन्धी सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्नु, गराउनु पर्नेछ।

(३) यातायात सम्बन्धी निकायले यात्रीवाहक सार्वजनिक यातायात सेवाको श्रेणी वा किसिमबमोजिम प्रयोग हुने सवारी साधनको सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्नु गराउनु पर्नेछ।

(४) यातायात सम्बन्धी निकायले विशेष प्रयोजनका सवारी साधनको सञ्चालन सम्बन्धी सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्नु गराउनु पर्नेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "विशेष प्रयोजनका सवारी साधन" भन्नाले स्कुल बस, एम्बुलेन्स, ईन्धन ढुवानी ट्यांकर तथा बुलेट, शारीरिक अशक्तता भएका व्यक्तिको प्रयोजनको लागि प्रयोग हुने सवारी साधनलाई जनाउँछ।

२१. **पञ्जीकरण गरी इजाजत प्रदान गर्नुपर्ने** : यातायात सम्बन्धी निकायले सार्वजनिक यातायात सेवाको स्तर तथा सुरक्षा सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्थाको पालनाको सुनिश्चित भएपछि मात्र पञ्जीकरण गरी यातायात सेवा सञ्चालनको लागि बाटो इजाजतपत्र प्रदान गर्नु पर्नेछ।

२२. **सुरक्षित गति र नियमन** : (१) सडक सम्बन्धी निकायले सडक पूर्वाधार निर्माण सम्पन्न गरे पछि त्यस्तो सडकमा सञ्चालन गरिने सवारी साधनको अधिकतम गतिको सीमा निर्धारण गरी सोको जानकारी परिषद्लाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको अधिकतम गति सम्बन्धी सूचना वा सङ्केत सडक सम्बन्धी निकायले सडक प्रयोगकर्ताले देख्नसक्ने गरी सडकमा उपयुक्त दूरीको अन्तरालमा टाँस्नु वा जडान गर्नु पर्नेछ।

(३) सडक सम्बन्धी निकायले प्रचलित कानूनबमोजिम सवारी साधनको गति सीमा निर्धारण गर्दा देहायका विषयमा विचार गर्नु पर्नेछ :-

(क) सडक र सवारी साधनको वर्गीकरण,

(ख) सडकको ज्यामितीय र अन्य भौतिक अवस्था,

(ग) सडकको भौगोलिक अवस्था र सडक छेउ वरपरको भू-उपयोग,

(घ) सडक तथा सवारी साधनको प्राविधिक विश्लेषण, र

(ङ) सडक सुरक्षा सम्बन्धी अन्य विषय।

(४) सडक सम्बन्धी निकायले सडक प्रयोगकर्तालाई सडकमा आवश्यक सूचनाको पहुँचको व्यवस्था, निषेधित सवारी साधनको गति नियमन, सुरक्षित सवारी साधन गति नियमन सम्बन्धी विषयमा सञ्चालन गरेका सचेतनामूलक कार्यक्रमको प्रभावकारिताको विषयमा परिषद्ले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

## परिच्छेद-६
## सडक प्रयोगकर्ताको नियमन तथा सचेतना सम्बन्धी व्यवस्था

२३. **दुर्घटना वा जोखिम हुने कार्य गर्न नहुने**: सडक प्रयोगकर्ताले सवारी चलाउँदा वा सडक प्रयोग गर्दा दुर्घटना वा जोखिम हुने कार्य गर्नु, गराउनु हुँदैन।

२४. **परिषद्ले निर्देशन दिनसक्ने** : (१) परिषद्ले यातायात सम्बन्धी निकायले प्रचलित कानूनबमोजिम सवारी चालक अनुमतिपत्र प्रदान गर्दा सडक सुरक्षाको दृष्टिले परीक्षण गर्नुपर्ने देहायको विषयमा त्यस्तो निकायलाई निर्देशन दिन सक्नेछ :-

(क) सवारी चालक प्रशिक्षण केन्द्रले प्रदान गर्ने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरूको शिक्षण सामग्रीमा सडक सुरक्षा विषय समावेश गर्ने,

(ख) सवारी चालक अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणालीमा सडक सुरक्षा विषय समावेश गर्ने,

(ग) सवारी चालक अनुमतिपत्रको नवीकरण गर्दा सवारी चालकको स्वास्थ्य तथा शारीरिक क्षमता परीक्षणको विषय समावेश गर्ने, र

(घ) सवारी चालक अनुमतिपत्र प्रदान गर्न लिइने परीक्षाको स्तर कायम गर्ने।

(२) यातायात सम्बन्धी निकायले सार्वजनिक यातायात सेवामा काम गर्ने सवारी चालकको लागि व्यावसायिक सवारी चालक अनुमति पत्र सम्बन्धी छुट्टै प्रकारको मापदण्ड बनाई लागु गर्नु पर्नेछ।

२५. **सचेतना अभिवृद्धि कार्यक्रम** : (१) परिषद्ले सडक सम्बन्धी निकाय र यातायात सम्बन्धी निकायको लागि सडक सुरक्षा प्रबर्धनात्मक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था गर्नेछ।

(२) परिषद्ले सडक सुरक्षा सम्बन्धी सचेतनामुलक शिक्षण सामग्री शैक्षिक संस्थाहरूका पाठ्यक्रमहरूमा समावेश गर्न सम्बन्धित निकायसँग समन्वय गर्नेछ।

(३) परिषद्ले सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि स्वयंसेवक, नागरिक समाज तथा गैर सरकारी संस्थासँग सहकार्य गर्न वा सहयोग लिन सक्नेछ।

२६. **<u>सडक सुरक्षा आचार संहिता</u>** : (१) सडक सम्बन्धी निकायले सडक प्रयोगकर्ताको सडक उपयोग गर्ने आचरणमा सुधार ल्याई दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षा आचार संहिता बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचार संहिता कार्यान्वयन भए नभएको सम्बन्धमा परिषद्ले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(३) सवारी चालक, यातायात व्यवसायी, यातायात सेवाका कर्मचारी तथा सडक प्रयोगकर्ताले उपदफा (१) बमोजिम जारी सडक सुरक्षा आचार संहिताको पालना गर्नु पर्नेछ।

## परिच्छेद-७
## <u>सडक दुर्घटनाको जानकारी, घाईतेको उद्धार, उपचार तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>

२७. **<u>सडक दुर्घटनाको जानकारी दिनुपर्ने</u>** : (१) कुनै सवारी साधन दुर्घटना भएमा त्यस्तो सवारी साधनको चालक, सवारीमा रहेको यातायात सेवाको कर्मचारी, यात्री वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिले तुरुन्त नजिकको सुरक्षाकर्मी, प्रहरी कार्यालय वा स्थानीय प्रशासन वा स्थानीय तहलाई सोको जानकारी गराई दुर्घटनाबाट घाइते भएकाको उद्धार तथा उपचारको लागि आवश्यक पहल गर्नु पर्नेछ।

(२) सवारी दुर्घटनामा परेकालाई दुर्घटनास्थलमा आपतकालीन चिकित्सा वा गैर चिकित्सकीय हेरचाह वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुऱ्याउँदा असल मनसायका साथ काम गर्दा कुनै चोटपटक लागेमा वा मृत्यु भएमा असल उद्धारकर्ता (गुड सामरिटन) लाई कुनै पनि देवानी तथा फौजदारी कारबाहीको लागि जिम्मेवार बनाइनेछैन।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "असल उद्धारकर्ता (गुड सामरिटन)" भन्नाले कुनै पुरस्कार वा लाभको अपेक्षा नराखी असल मनसायका साथ स्वेच्छाले दुर्घटना भएको स्थलमा मनासिव सावधानीपूर्वक प्राथमिक उपचार गर्ने, हेरचाह गर्ने वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुऱ्याउने व्यक्ति सम्झनु पर्छ।

(३) सडक दुर्घटनाको जानकारी प्राप्त भएमा त्यससँग सम्बन्धित तथ्य तथा विवरण सङ्कलन गर्ने कार्य जिम्मेवारी स्थानीय प्रहरीको हुनेछ।

(४) सडक दुर्घटना सम्बन्धी सत्य तथ्य सूचना, जानकारी तथा त्यससँग सम्बन्धित सम्पूर्ण विवरणहरू नेपाल प्रहरीलाई उपलब्ध गराउने कर्तव्य दुर्घटनामा संलग्न सबै व्यक्तिको र दुर्घटनाको प्रत्यक्षदर्शी वा दुर्घटना स्थल नजिक भएर जाने जुनसुकै व्यक्तिको हुनेछ।

२८. **<u>उद्धार कार्यको निगरानी र नेतृत्व</u>** : (१) सडक दुर्घटनाका घाईतेको शिघ्र उद्धार गर्ने कार्य सुरक्षा निकायको निगरानी र नेतृत्वमा हुनेछ।

(२) परिषद्ले राष्ट्रिय लोकमार्गका दुर्घटना बढी हुने सडक खण्डमा सडक दुर्घटनामा घाइतेको उद्धार तथा प्राथमिक उपचार सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गराउन सम्बन्धित निकायलाई परिचालन गराउन सक्नेछ।

(३) परिषद्ले सडक दुर्घटनाका घाईतेको उद्धार तथा प्राथमिक उपचारको लागि प्रयोग गर्न सकिनेगरी जीवन रक्षक उपकरण सहितका आवश्यक पर्ने अन्य उपकरण सडक क्षेत्रमा पर्ने सरकारी अस्पताललाई र सरकारी अस्पताल नभएको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सञ्चालन भएका अस्पताललाई त्यस्ता उपकरणको स्वामित्व सरकारमा नै रहने गरी उपलब्ध गराउन सक्नेछ।

२९. <u>उपचार गर्ने कर्तव्य हुने</u> : (१) सडक दुर्घटनामा परेका घाइतेको उपचार गर्ने कर्तव्य त्यस्तो घाइतेलाई उपचारको लागि पुऱ्याइको स्वास्थ्य संस्थाको हुनेछ।

(२) परिषद्ले सडक दुर्घटनाबाट मृत्यु वा अपाङ्गता हुन नदिन दुर्घटना पछिको उपचारको लागि एकद्वार प्रणाली लागु गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनेछ।

(३) परिषद्ले सडकमा सवारी साधनको चाप तथा सडक दुर्घटनाको गाम्भीर्यताअनुसार दुर्घटनाका पीडितलाई तत्काल उपचार गर्न सम्बन्धित निकायसँग समन्वय गरी देहायको व्यवस्था मिलाउन निर्देशन दिन सक्नेछः -

(क) सडकमा उपयुक्त दूरीको अन्तरमा एम्बुलेन्स सेवाको व्यवस्था गर्न,

(ख) सडकमा उपयुक्त दूरीको अन्तरमा स्वास्थ्य संस्थाको स्थापना गर्न,

(ग) राष्ट्रिय लोकमार्गमा पर्ने शहरी क्षेत्रमा आवश्यकताअनुसार आधुनिक ट्रमा सेन्टरको स्थापना गर्न, र

(घ) तोकिए बमोजिमको अन्य व्यवस्था गर्न।

(४) स्वास्थ्य संस्थाले सडक दुर्घटना परी उपचारको क्रममा स्वास्थ्य संस्थामा मुत्यु भएका वा उपचार भइरहेका घाइतेहरूको विवरण डिजिटल रूपमा अद्यावधिक राख्नु पर्नेछ।

३०. **<u>बीमा सम्बन्धी मापदण्डको लागि सुझाव दिनसक्ने</u>** : (१) परिषद्ले बीमा प्राधिकरणसँग समन्वय गरी सवारी साधन, सवारी चालक तथा यातायात सेवाका कर्मचारी, यात्री तथा दुर्घटनामा घाइतेको उद्धार तथा उपचार र मृत्युको अवस्थामा प्रदान गरिने राहत तथा तेस्रो पक्षको क्षतिको विषय सम्बोधनको लागि गर्नुपर्ने बीमा सम्बन्धमा आवश्यक मापदण्ड विकास गरी कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ।

(२) परिषद्ले नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी बीमा कम्पनीले सडक दुर्घटनामा गरेको भुक्तानी सम्बन्धी एकीकृत विवरण प्राप्त गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनेछ।

३१. <u>सडक दुर्घटनाको हानि-नोक्सानी तथा क्षतिपूर्ति</u> : (१) सडक दुर्घटना गराउने सवारी साधनको पहिचान हुन नसकेको (हिट एण्ड रन) कारणबाट वा बीमा नभएको सवारी साधनको सवारी धनी वा

चालकको कुनै सम्पत्ति नभएको कारणबाट सडक दुर्घटनापछि क्षतिपूर्ति प्राप्त गर्न नसकेका सडक दुर्घटनाका घाइतेलाई परिषद्ले कोषबाट क्षतिपूर्ति दिन सक्नेछ।

(२) सडकको सवारी गुड्ने भाग वा पार्किङ निषेधित क्षेत्रमा पार्किङ गराई राखेका सवारी साधनको कारणले दुर्घटना भई कुनै हानि-नोक्सानी भएमा त्यसरी पार्किङ्गर्ने सवारीको धनी तथा चालकबाट क्षतिपूर्ति असुल उपर गरी दुर्घटनाका घाइते वा क्षति पुगेका व्यक्तिलाई प्रदान गरिनेछ।

(३) सडकको सवारी गुड्ने भाग वा सडकपेटीमा अनाधिकृत रूपमा मालसामान राखेका कारण सडक दुर्घटना भई हानि-नोक्सानी भएमा त्यस्तो मालसामान राख्ने व्यक्ति वा संस्थाबाट क्षतिपूर्ति असुल गरी त्यस्तो सडक दुर्घटनाका घाइते वा क्षति पुगेका व्यक्तिलाई प्रदान गरिनेछ।

३२. **पीडितको पुनःस्थापन** : परिषद्ले सडक दुर्घटनाबाट दीर्घकालीन वा आजीवन अशक्त वा अपाङ्ग भएका व्यक्तिको पुनःस्थापनको लागि नेपाल सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्न सक्नेछ।

३३. **सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणाली** : (१) सडक दुर्घटनाको अध्ययन तथा अनुसन्धान गर्न, न्यूनीकरणका लागि उपयुक्त उपायहरूको अवलम्बन गर्न, सडक दुर्घटनामा भएको भौतिक तथा मानवीय क्षतिको व्यवस्थित अभिलेख राख्न र घाइतेको उद्धार कार्यलाई प्रभावकारी बनाउन परिषद्ले सडक दुर्घटना अभिलेख तथा घाइतेको उद्धार व्यवस्थापन प्रणाली स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रणालीमा सडक दुर्घटना सम्बन्धी जानकारी प्रविष्ट गर्ने पहिलो जिम्मेवारी नेपाल प्रहरीको हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रणालीमा सडक दुर्घटना पछिको उद्धारमा खटिने निकाय, उपचारमा संलग्न स्वास्थ्य संस्था, बीमा सम्बन्धी संस्था, सडकसँग सम्बन्धित निकाय र स्थानीय तहले तोकिए बमोजिमका तथ्याङ्क प्रविष्ट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट भएका तथ्याङ्कमा सम्बन्धित निकायलाई तोकिएबमोजिम पहुँच उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको प्रणालीलाई अन्य सरकारी तथा गैर सरकारी निकायद्वारा सञ्चालित प्रणालीहरूमा रहेका आवश्यक तथ्याङ्कहरू तोकिएका प्रक्रिया पूरा गरी तत् तत् निकायहरूले स्वचालित रूपमा उपलब्ध गराउनु पर्नेछ।

३४. **दुर्घटना अध्ययन समिति** : (१) परिषद्ले सडक दुर्घटनाहरूको प्रकृति तथा कारणहरू पहिचान गरी रोकथामका उपाय सिफारिस गर्न देहाय बमोजिमको सडक दुर्घटना अध्ययन समिति गठन गर्न सक्नेछः-

(क) सडक सुरक्षा सम्बन्धी विशेषज्ञ -संयोजक

(ख) सडक पूर्वाधार सम्बन्धी विशेषज्ञ इन्जिनियर -सदस्य

(ग) यातायात व्यवस्था सम्बन्धी विशेषज्ञ इन्जिनियर - सदस्य

(घ) सडक दुर्घटना उपचार सम्बन्धी विशेषज्ञ चिकित्सक - सदस्य

(ङ) सडक सुरक्षामा अनुभव तथा विशेषज्ञता भएको अवकाश प्राप्त प्रहरी -सदस्य

(च) समाज शास्त्र तथा मानव व्यवहार विषय विज्ञ -सदस्य

(छ) कार्यकारी निर्देशकले तोकेको परिषद्को अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको सडक दुर्घटना अध्ययन समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) सडक दुर्घटना सम्बन्धी विवरण तथा सत्य तथ्य सङ्कलन गर्ने,

(ख) सडक दुर्घटना स्थलको स्थलगत अवलोकन गर्ने,

(ग) सडक दुर्घटना स्थलको प्रत्यक्षदर्शी वा अन्य सम्बन्धित व्यक्तिसँग त्यस्तो दुर्घटना सम्बन्धी विवरण माग्ने वा सोधपुछ गर्ने,

(घ) सडक दुर्घटनाको प्रकृति तथा सम्भावित कारण पत्ता लगाउने र सडक दुर्घटना न्यूनीकरणको लागि गर्नुपर्ने सुधार सहितको प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्ने।

(३) उपदफा (१) बमोजिमको सडक दुर्घटना अध्ययन समितिले सडक दुर्घटना सम्बन्धी अध्ययन गर्दा परिषद्बाट स्वीकृत मापदण्डबमोजिम गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको सडक दुर्घटना अध्ययन समितिले आफ्नो बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषयका विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको सडक दुर्घटना अध्ययन समितिको संयोजक तथा सदस्यको पारिश्रमिक र सुविधा तोकिएबमोजिम हुनेछ।

**३५. <u>सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान</u>** : (१) परिषद्ले सडक सुरक्षासँग सम्बन्धित निकायहरू बीच समन्वय गरी सडक दुर्घटना तथा सडक सुरक्षा सम्बन्धी अध्ययन सर्भेक्षण गर्ने तथा गराउने र सो बमोजिमको प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यान्वयन गर्न सम्वन्धित निकायलाई परिषद्ले निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यान्वयन गर्नु सम्वन्धित निकायको कर्तव्य हुनेछ।

## परिच्छेद-८
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

३६. **कार्यकारी निर्देशक** : (१) नेपाल सरकारले परिषद्को प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य गर्नको लागि नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतमध्येबाट सडक सुरक्षा सम्बन्धी विषयमा अनुभव भएका अधिकृतलाई परिषद्को कार्यकारी निर्देशकको रुपमा तोक्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले परिषद्मा काम गरेवापत पाउने थप सुविधा तोकिएबमोजिम हुनेछ।

३७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) सचिवालयको दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्ने,

(ख) परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ग) परिषद्का अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना, वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(घ) परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ङ) परिषद्बाट स्वीकृत हुनुपर्ने प्रस्ताव परिषद्को बैठकसमक्ष पेश गर्ने,

(च) सडक सुरक्षाका सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव सङ्कलन गरी परिषद्समक्ष पेश गर्ने, र

(छ) तोकिएबमोजिमका अन्य काम गर्ने।

३८. **सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था** : (१) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ।

(२) परिषद्को सचिवालयको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

## परिच्छेद-९
## परिषद्को कोष, लेखा तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था

३९. **परिषद्को कोष** : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट सहायता वा दान दातव्यको रूपमा प्राप्त रकम, र

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को सम्पूर्ण खर्च उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकमबाट व्यहोरिने छ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम परिषद्ले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(६) उपदफा (५) बमोजिमको खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ।

४०. **<u>कोषको रकमको प्रयोग</u>** : परिषद्को कोषको रकम देहायका कार्यमा मात्र खर्च गर्नु पर्नेछ :-

(क) सडक सुरक्षासँग सम्बन्धित निकायका योजना तथा कार्यक्रमहरूको प्राथमिकता अनुसार कार्यान्वयन गर्नका लागि बजेट उपलब्ध गराउन,

(ख) सडक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान गराउन विश्वविद्यालय तथा अनुसन्धान केन्द्रलाई अनुदान दिन, र

(ग) परिषद्को काम, कर्तव्यको कार्यान्वयन तथा सचिवालयको प्रशासकीय खर्च गर्न।

४१. **<u>लेखा र लेखापरीक्षण</u>** : (१) परिषद्को आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ।

(२) परिषद्ले तोकिएबमोजिम आय-व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु, गराउनु पर्नेछ।

(३) परिषद्को आय-व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) मन्त्रालयले चाहेमा परिषद्को आय-व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-१०
## <u>विविध</u>

४२. **<u>विद्युतीय अभिलेख प्रणालीमा पहुँच दिनुपर्ने</u>** : यातायात व्यवस्था सम्बन्धी निकायले सवारी चालक तथा सवारी साधन सम्बन्धी विद्युतीय अभिलेख प्रणालीमा परिषद्लाई आवश्यकताअनुसार पहुँच दिनु पर्नेछ।

४३. **<u>अधिकार प्रत्यायोजन गर्नसक्ने</u>** : (१) यस ऐनबमोजिम परिषद्लाई प्राप्त अधिकारहरूमध्ये परिषद्ले आवश्यकताअनुसार कुनै अधिकार अध्यक्ष, परिषद्को कुनै सदस्य वा कार्यकारी निर्देशक वा परिषद्को अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनबमोजिम कार्यकारी निर्देशकलाई प्राप्त अधिकारहरूमध्ये कार्यकारी निर्देशकले आवश्यकताअनुसार कुनै अधिकार परिषद्को अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४४. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने** : (१) परिषद्ले देहायका विषय र विवरणहरू खुलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाल सरकारसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) परिषद्ले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि भएको खर्च,

(ख) सडक दुर्घटनाको तथ्याङ्क, सडक सुरक्षा सम्बन्धी कार्यको उपलब्धि, सडक सुरक्षा प्रबर्धन गर्न गरिएका पहल र गर्नुपर्ने सुधार सहितको विवरण,

(ग) परिषद्को आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(घ) कोषको आम्दानी र खर्चको विवरण, र

(ङ) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिम पेश गरेको वार्षिक प्रतिवेदन परिषद्को वेवसाईटमा प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ।

४५. **नियम बनाउनसक्ने** : नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

४७. **खारेजी र बचाउ** : (१) सडक बोर्ड ऐन, २०५८ को दफा १७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको दफाको व्यवस्थाबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।